नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
# कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुली

सुचना नं: ६

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

सुचना प्रकाशित मिती: २०८२/०७/१३

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुलीको चालु आ.व. ०८२।८३ स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात्( मिति २०८२/०८/०३) गते भित्र यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

| कार्यक्रमको नाम | लक्षित लाभग्राही | सञ्चालन हुने क्षेत्र | कार्यक्रम सञ्चालन गर्न सकिने बाली/बस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक | सिन्धुली जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम र दफा ७ बमोजिम प्राथमकिकरण भएका बाली/ बस्तु | प्रस्तावको कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु ।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।
(६) समुह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समुह/सहकारी संस्थाको सिफारिश पत्र।
(७) स्थानीय तहको कृषि/पशु शाखाको सिफारीस-पत्र ।

**** प्राथमिकीकरण सुची यसै सुचनाको दोस्रो पानामा रहेको छ।

विनय वावु कोइराला
नि. कार्यालय प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुली

**द्रष्टव्य:**

कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ दफा ७ बमोजिम प्रस्ताव मुल्याकंन समितीले सिन्धुली जिल्लामा कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागी बाली/बस्तु तथा मुल्य शृङ्खलाका क्षेत्रहरुमा गरेको प्राथमिकीकरणको सुची।

| प्राथमिकिकरण क्र.सं. | बाली/वस्तु तथा मुल्य-शृङ्खलाका क्षेत्रहरु |
|---|---|
| १ | तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण । |
| २ | अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण। |
| ३ | व्यवसायिक पशुपन्छी, मत्स्यपालन उत्पादन र प्रशोधन । |
| ४ | ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण। |
| ५ | जौ, फापर, सिलाम, कोदो चिनो, कागुनो, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण |
| ६ | मौरीपालन व्यवसाय र मह प्रशोधन । |
| ७ | साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन । |
| ८ | दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात। |
| ९ | बागबानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय। |
| १० | च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण । |
| ११ | मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण । |
| १२ | खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन । |
| १३ | फलफूल प्रंशोधन र बजारीकरण । |
| १४ | तरकारीको बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण । |
| १५ | प्राङ्गारिक, गडयौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण। |
| १६ | प्राङ्गारिक कृषि बस्तु निर्यात । |
| १७ | जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण । |
| १८ | घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय । |

विनय वावु कोइराला
नि. कार्यालय प्रमुख